# बाहिङ किरात मुलुखिम
## बार्षिक प्रगति प्रतिवेदन, २०७१/०७२

अध्यक्ष महोदय सदस्यहरु र प्रतिनिधीज्यूहरु

बाहिङ किरात मुलुखिमको महासचिवको हैसियतले म यस बाहिङ(बायुङ) समुदायको नेतृत्व गर्ने जातिय संस्थाको २०७१/०७२ को बार्षिक प्रगति प्रतिवेदन सौर्हाद पूर्ण बातावरणमा प्रस्तुत गर्ने मौका दिनु भएकोमा कार्यसमिति र यस सभाहल प्रति आभारि व्यक्त गर्दछु। २०७२ को बैषख १२ र २९ गते गएको विनासकारी भूकम्पमा पर्नु भई वित्नु भएका सम्पूर्ण मृत आम्माहरुको चिर शान्तिको कामनाका साथै घाईते हुनु भएका संम्पूर्ण दाजुभाई दिदीबहिनीहरुमा शिघ्र सु-स्वस्थ्य लाभको कामना भगवन पापाचादुबुङ, मामाचुनिमो, सृष्टिकर्ता निनाच्याङ्मा र पितृहरु समक्ष प्रर्थना गर्दछु। यस विषम परिस्थीतिमा पनि मुलुखिमले सम्भव भएका कार्यहरु सम्पन्न गर्न सकेकोमा सो गतिविधिहरु बुदागत रुपमा प्रस्तुति गर्न सभाअध्यक्ष सामु अनुमति चाहान्छु।

### १. देउसी भैलो कार्यक्रम सम्पन्न।

मिति २०७१ कार्तिक ६ गतेका दिन संस्थाले एस.आर. क्याटरिङ्गमा संस्थाका अध्यक्ष श्री जुद्ध बहादुर बाहिङज्यूको संयोजकत्वमा सद-संयोजक श्री दिल बाहिङ बाहिङ किरात युवा संगठनको तर्फबाट, कोषाध्यक्ष श्री सजना बाहिङ, श्री मनि राम बाहिङ, श्री बल बहादुर बाहिङ, श्री खड्ग कुमारी बाहिङ, र श्री राज विर बाहिङ देउसी भैलो मुल आयोजक समितिले कार्यक्रम सम्पन्न गऱ्यो। उक्त कार्यक्रममा माननीय सभासद श्री यज्ञ राज सुनुवारज्यू उपस्थित भई कार्यक्रमलाई हौसला दिनु भएको थियो। भने कलाकार आभा मुकारुङबाट चर्चित गीतहरु प्रस्तुत र बाहिङ भाई बहिनीहरु नृत्यहरु प्रस्तुत गरिएको थियो।

### २. चौथो राष्ट्रिय संम्मेलन सम्पन्न।

२०७१ माघ २४ गते संस्थाले विधान बमोजि चौथो राष्ट्रिय संम्मेलनका मुल-आयोजक समितिका संयोजक श्री जुद्ध बहादुर बाहिङज्यूको संयोजकत्वमा सदस्यहरु धिरेन सुस्तोचा बाहिङ, श्री बल बहादुर बाहिङ, श्री कृष्ण माया बाहिङ, र श्री राज विर बाहिङ समितिले विभिन्न विधा अर्न्तगत किरात बाहिङ समुदायहरुबाट देश र समाजमा पुऱ्याउनु भएको योगदानलाई कदर गर्दै ३५ जना व्यक्तित्वहरुलाई संम्मान संधिय समाजवादी पार्टि नेपालका अध्यक्ष तथा प्रमुख अतिथीबाट सम्मान गरियो। सम्मेलनमा आदिवासी किरात महासंघका अध्यक्ष श्री पृथ्वी मुकारुङ बान्तावा, किरात कुलुङ भाषा संस्कृति उत्थान संघका अध्यक्ष श्री चन्द्र सिं कुलुङ, किरात खालिङ राई उत्थान संघका प्रतिनिधि बा.कि.मु का संरक्षक तथा पूर्व मेयर श्री ध्यान बहादुर राई, संस्थाका संस्थापक, सल्लाहाकारहरु र संरक्षकहरु सेनानी श्री गोपाल बाहिङ जिल्ला कार्यसमिति सुनसरीका अध्यक्ष श्री रामेश्वार दिलिङबाचा बाहिङ, संखुवासभा जिल्ला कार्यसमितिका अध्यक्ष श्री बुद्धि बहादुर बाहिङ, ओखलढुंगा जिल्लाका प्रतिनिधी श्री चमार बाहिङ, सोलुखुम्बु जिल्ला कार्यसमितिका उपाध्यक्ष श्री बिष्णु कुमार बाहिङको आतिथ्यमा उक्त कार्यक्रम सम्पन्न गरिएको थियो। संस्थाले दिर्घकालिन योजना र उदेश्य सहित नेपाल सरकारका पूर्व उप-सचिव श्री भुपराज बाहिङज्यूको अध्यक्षतामा उपाध्यक्षहरु भूपू बेलायती सेनाका श्री इमान सिं बाहिङ, श्री मनिराम बाहिङ, श्री दिपक युम्बुचा बाहिङ, महासचिव श्री धिरेन सुस्तोचा बाहिङ, सचिव श्री महेश बाहिङ, कोषाध्यक्ष श्री सजना बाहिङ, सदस्यहरु श्री बलराज बाहिङ, श्री किसन बाहिङ, श्री जोन बाहिङ, श्री चुम बहादुर बाहिङ, श्री बल बहादुर बाहिङ, श्री नन्द कुमारी बाहिङ, १३ निर्वाचित र मनोनित सदस्यहरु श्री खड्ग कुमारी बाहिङ, प्राध्यापक श्री मुगा माया बाहिङ तेक्वान्दो खेलाडी पाचौ डन श्री विश्व राज बाहिङ र प्रेम कुमारी बाहिङलाई १७ सदस्यीय कार्यसमिति चयन गऱ्यो।

**३. बाहिङ किरात मुलुखिम कोरिया तदर्थ समिति विस्तार ।**

संस्थाको पहलमा दक्षिण कोरियमा कामको शिलसिलामा रहनु भएका किरात बाहिङहरुको हितमा जम्मा ४५ जना बाहिङहरुको भेलामा माघमा कोरिय शाखा गठनका लागि तदर्थ समिति गठन श्री विजय बाहिङज्यूको संयोजकत्वमा तदर्थ समिति गठन सम्पन्न भएको छ ।

**४. सभासद सम्मान तथा दिकुम कविता विमोचन ।**

मिति २०७१ श्रावण ३१ गतेको निर्णय नं ५ अनुसार संस्थाले दोस्रो संविधान सभाबाट चुनिएर आएका सभासदहरु श्री हर्क बोल राई बाहिङ), श्री यज्ञराज सुनुवार, श्री रामहरी खतिवडा र शकुन्तला राजभण्डारीलाई सम्मान तथा बाहिङ किरात मुलुखिमको संस्थापक उपाध्यक्ष श्री मनिराम बाहिङज्यूबाट लिखित तथा प्रकाशित बाहिङ मातृभाषाको दिकुम कविता राष्ट्र कवि श्री व्याकुल माईलाज्यूको प्रमुख अतिथ्यमा सभासद सम्मान तथा कविता विमोचन कार्यक्रम सम्पन्न गरियो । कविताका बारेमा प्राध्यपक श्री मुगामाया बाहिङज्यूबाट कविताका बारेमा समालोचना गर्नु भएको थियो । कार्यक्रम एस.आर. क्याटरिङ्ग चावहलिमा भएको सो कार्यक्रमा सेल्स डेस्कमा बाहिङ किरात मुलुखिम सोलु काठमाण्डौं संम्पर्कको तर्फबाट श्री पवन बाहिङ, श्री दिनेश बाहिङ, र दिप बाहिङ रहनु भएको थियो । संयम सेवक तर्फ सदस्य श्री बलराज बाहिङज्यूको संयोजकत्वमा बाहिङ किरात युवा संगठनका १० युवाहरु खटिनु भएको थियो । अतिथी स्वागत तर्फ करुणा बाहिङ र कविता बाहिङ रहनु भएको थियो । भने सुचना संचार तर्फ धिरेन सुस्तोचा बाहिङ र बाहिङ किरात युवा संगठनको तर्फबाट अध्यक्ष श्री देव कुमार बाहिङ(सेचोचा) रहनु भएको थियो ।

**५. बाहिङ समुदायको पहिचानका लागि विभिन्न निकायहरुमा पहल ।**

कार्यसमितिले अध्यक्ष श्री भूपराज बाहिङज्यूको नेतृत्वमा संस्थाको प्राथमिकतामा बाहिङहरुको भाषा, संस्कृति संस्कार र लिखित तथा अलिखित इतिहासहरुको संरक्षणका लागि बाहिङ पहिचानका लागि आदिवासी जनजाति सूचिकरण शुभ्काव कार्यदलसंग ३ पटक सम्म छलफल तथा बाहिङ पहिचान दिने आधारहरु पेश गर्‍यो ।

**६.३ महिने बाहिङ मातृभाषा प्रशिक्षण सम्पन्न ।**

माघ ५ गते २०७१ देखि निरन्तर बाहिङ भाषा सिक्दै आएका ९ बर्षे बालक देखि ६५ बर्ष सम्मको जम्मा ४५ जनाले बाहिङ भाषा सिक्ने मौका पाएका थिए । उक्त कक्षा आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठानको सहयोगमा र बाहिङ किरात मुलुखिमको पहलमा भएको थियो । समापनमा बाहिङ भाषामा कविता सिवजंङ्ग बाहिङ, रामजंङ्ग बाहिङ, मेनुका बाहिङ, सागर बाहिङले बाचन गरेका थिए । दोलोकुम नाचमा हैकम सिं बाहिङ, पदम बाहिङ, गोपाल बाहिङले गाउने र नाचमा रत्न कुमारी बाहिङ, आसमाया बाहिङ, पंम्फामाया बाहिङ मनमाया बाहिङ, पंचमाया बाहिङ, फुमति बाहिङले देखाएका थिए । बाहिङ गीत गाइघास जिचोम उदासे मा मुस्कान बाहिङ, सागर बाहिङ, करण थुलुङ कन्चन थुलुङ, र बोङ्याहै द्याल्पोदमा सिवजंङ्ग बाहिङ, सर्मिला बाहिङ, मेनुका बाहिङले गएर सुनएका थिए । बाहिङ समुदायले भाषा नसिक्दासम्म अन्य साइनोमा बोलाउने गरेकोमा भाषा सिके पछि पुरै बाहिङ भाषाका साइनोमा बोलाचाल गर्ने गरेको पाईयो भने सामान्या खाना खाने आउनु जस्ता बाहिङ भाषा बोल्न सकेको देखिन्थ्यो । वक्ताहरुले आफ्नो भाषा समाप्त भएकोले यसको महत्व राखि सिक्ने मौका पाएकोले आफुहरु खुशि रहेको जानकारी दिए भने यतिले मात्र पर्याप्त नहुने हुदा थप कक्षाको लागि अवसर जुटाउन केन्द्रलाई अनुरोध गरेका थिए । संखुवासभा जिल्ला कार्यसमितिको अध्यक्ष श्री बुद्धि बहादुर बाहिङको सभापतित्वमा ३ महिने बाहिङ मातृ भाषा प्रशिक्षण कार्यक्रम सम्पन्न भयो । उक्त कार्यक्रममा केन्द्रको तर्फबाट प्रमुख अतिथी महासचिव श्री धिरेन सुस्तोचा बाहिङ, तिन महिने भाषा प्रशिक्षक तथा विशेष अतिथी श्री सजना बाहिङ, अतिथीहरुमा द्याल कार्यसमितिका अध्यक्ष हाइकम सिं बाहिङ, अलैची

विकास समितिका अध्यक्ष, ख्याम्पालुङ युवा क्लबको अध्यक्ष, सामुदायीक बन उपभोक्ता समितिहरुको उपस्थिति रहेको थियो । यो कक्षा संचालनले अन्य नियम अनुसार बिबाह संस्कार, मृत्यू संस्कार गर्ने बाहिङहरुले अब देखि बाहिङ संस्कारमा गर्न थालेको सकरात्मक परिवर्तन देखिएको छ । समापन कार्यक्रममा बाहिङ भाषा प्रशिक्षक सजना बाहिङलाई जिल्ला र गाउँको तर्फबाट चैनपुरे करुवा, स्थानिय चिया, जंगली च्याउ र मायाको चिनोहरु सवैले उपहार स्वरुप प्रदान गरेका थिए । भने सेल रोटी पकाई सुंगर काटेर समापन भोज समेत सामुहिक रुपमा गरिएको थियो ।

**७. सुनसरी जिल्ला साधारण सभा सम्पन्न ।**

मिति २०७१ चैत्र ७ गते बाहिङ किरात मुलुखिम जिल्ला कार्यसमितिको दोस्रो साधारण सभा सुनसरी जिल्लाको देउराली पानबारी द्याल कार्यसमितिको कार्यलयमा केन्द्रीय अध्यक्ष श्री भुपराज बाहिङज्यूको प्रमुख आतिथ्यमा ४ द्यालकार्य समितिका अतिथिहरु रहेका थिए । सभाले ११ सदस्यीय ४ बर्षका लागि तपसिल बमोजमको कार्यसमिति चयन गऱ्यो । सल्लाहाकारहरु श्री जय कुमार बाहिङ, श्री हर्क बलि बाहिङ, श्री चिमली बाहिङ, श्री गणेश बाहिङ  अध्यक्ष श्री रामेश्वर बाहिङ, उपाध्यक्ष श्री रविन दिर्बुचा बाहिङ, सचिव श्री मान बहादुर बाहिङ, सह सचिव श्री पवित्रा बाहिङ, कोषाध्यक्ष श्री रण माया बाहिङ, सदस्यहरु श्री ज्ञानुमाया बाहिङ, श्री धन कुमार बाहिङ, श्री किरण बाहिङ, श्री बल राम बाहिङ, श्री कमला बाहिङ र श्री प्रेम बाहिङ चयन हुनु भएको छ ।

**८. बाहिङ किरात युवा संगठनले वनभोज कार्यक्रम तथा संगठनको बार्षिकी मनायो ।**

बाहिङ किरात मुलुखिमको भातृ संगठन बाहिङ किरात युवा संगठनको आयोजनामा मा २०७२ साल नयाँ बर्षको उपलक्षमा बैषाख ५ गते उपत्यकाको त्रिभूवन पार्कमा २०० जना बाहिङहरुको सहभागी सहभागितामा वन भोज सम्पन्न गरेका थियो । उक्त कार्यक्रममा संगठनको स्थापनाको बार्षिकी मुलुखिमका अध्यक्ष श्री भुपराज बाहिङको प्रमुख आतिथ्यमा कार्यक्रम उद्घाटन भई अतिथीहरुमा संस्थाका उपाध्यक्षहरु श्री इमान सिं बाहिङ, श्री मनिराम बाहिङ, श्री दिपक युम्बुचा बाहिङ, महासचिव श्री धिरेन सुस्तोचा बाहिङ, श्री महेश बाहिङ, सदस्यहरु श्री किसन बाहिङ, श्री जोन बाहिङ, श्री नन्द कुमारी बाहिङ, श्री बल बहादुर बाहिङ, श्री बलराज बाहिङ, श्री चुम बहादुर बाहिङहरु अतिथीमा रहनु भएको थियो । संगठनका अध्यक्ष देव कुमार बाहिङ सेचोचाको सभापतित्वमा कार्यक्रम आयोजना गरिएको थियो ।
उक्त कार्यक्रममा वक्ताहरुले बाहिङ भाषा संस्कृति र परम्पराहरुको विकास र संरक्षणमा जोड दिदै बाहिङहरुको पहिचानलाई राज्यमा सुनिश्चीत गर्ने सबैको जोड थियो । प्रमुख अतिथीले युवाहरुले नै बाहिङ पहिचान र हितमा काम गर्ने आशा लिएको र प्रथम बार्षिकीको उपलक्षमा सवैलाई प्रगतिको कामना गर्दै धन्यवात दिनु भएको थियो । युवा संगठनका सभापनिले मातृ संगठनको हितमा रहेर बाहिङ युवाहरुलाई आर्थिक, सामाजिक र सास्कृतिकरुपमा विकास गर्दै लाने जोड दिने कुरा राख्नु भएको थियो । उक्त कार्यक्रम आयोजक बाहिङ किरात युवा संगठनका संयोजक करुणा बाहिङ, क्षेत्रगत सह-सयोजन मन राज बाहिङ, पवन बाहिङ, विकास बाहिङ र कविता बाहिङ रहनु भएको थियो ।

**९. मिम्खा प्रकाशन सम्पन्न ।**

मिति २०७१ कार्तिक ९ गतेको निर्णय बमोजिम संस्थाको चौथो राष्ट्रिय संम्मेलनको अवसर पारि संस्थागत मुख पत्र प्रकाशन समिति संस्थाका महासचिव श्री धिरेन सुस्तोचा बाहिङको संयोजकत्वमा सदस्यहरु श्री देव कुमार बाहिङ(सेचोचा), श्री कविता बाहिङ, श्री विकास बाहिङ र श्री बल बहादुर बाहिङ गरि ५ सदस्यीय मिम्खा प्रकाशन समितिले सम्मेलनमा मिम्खा प्रकाशन सम्पन्न गऱ्यो ।

संस्थाको भावि योजनाहरुमा अर्न्तगत गय भएका कार्यक्रमंहरु बारे यस सभालाई जानकारी गराउन अनुमति चाहान्छु ।

१. संस्थालाई आर्थिक मजबुत बनाउन सदस्यता विस्तार र इच्छुकहरुबाट सहयोग जुटाई कोषमा पाँचलाख भन्दा माथि पुर्‍याउने ।
२. संस्थाको लागि जग्गा खरिदका लागि उपाध्यक्ष श्री इमान सिं बाहिङज्यूको संयोजकत्वमा उपयूक्त स्थानहरुमा मुलुखिमको लागि जग्गा खोजिकार्य भैरहेको र यो अभियनमा सफल पार्न देश विदेशमा रहनु हुने सबै बाहिङ दाजुभाई दिदिबहिनीहरुमा जग्गा पक्का भए पछि सहयोगका लागि अभियान यथासिघ्र चलाईने छ ।
३. कक्षा १ को लागि पाठ्याक्रम यस वर्ष भित्र तैयारी गरि सक्ने ।

संस्थाको विधानको तपसिल बमोजिमका विधान संशोधनका लागि प्रस्ताव पेश गर्न अनुमति चाहान्छु ।

विधानको दफा १० बमोजिम साधारण सदस्यता शुल्क रु १०१ लाई समय सापेक्ष परिमार्जन गर्नु पर्ने भएकोले साधारण सदस्यता शुल्क १०१ बाट बढाई रु २००० बढाउन प्रस्ताव पेश गर्दछु । साथै दफा १४ को बाहिङ जाति र समुदाय भित्र रेन्दुक्पा/रेन्दु का सन्तानमा ग्याल्र्दाचा/ग्याल्डार्चा दोचा(थर) थप गर्ने र रुङ्बु, खालुवा र रेन्दु भन्दा माथीका पूर्खाहरुको नामावली समेत समावेश गर्न यस सभालाई विधान संशोधान प्रस्ताव अनुमोदनका लागि अनुरोध गर्दछु ।

संस्थाको सुचना लिन तपसिल बमोजिमको ठेगानाहरुमा तपाई सम्बन्ध जोड्नु होस ।

Facebook : Bahing Kirat Mulukhim
Facebook Group को लागि : Bahing Kirat Mulukhim Central Committee Nepal
मुलुखिमको गतिविधि हेर्न www.bahingkm.org.np
Email: bahingkiratmulukhim@yahoo.com
bahingkiratmulukhim@gmail.com

आनिमोखोला(धन्यवाद)

.......................................
महासचिव
धिरेन सुस्तोचा बाहिङ
मिति : २०७२ असार १९ गते शनिबार
स्थान : एस.आर. क्याटरिङ्ग चावहिल

बाहिङ किरात मुलुखिम मिति २०७२ जेष्ठ १५ को निर्णयले "विपत व्यावस्थापन कोष"मा संकलन अभियन तर्फ कार्यसमिति तथा इच्छुक महानुभावबाट सहयोग भएको रकमहरु कृपयहरु यस अभियनमा साथ दिन चाहनु हुनेहरुले संस्थाको खाता नं ०१८००१०५२००२१९ मा एभरेष्ट बैक चावहिल शाखामा जम्मा गरि संस्थालाई जानकारी गर्न सक्नु हुनेछ ।

| क्र.स | निङ(नाम) | रकम | ठेगाना /संस्था |
|---|---|---|---|
| १ | श्री इमान सिं बाहिङ | रु १०,००० | उबुँ,सानोजुरे ६, ओखलढुंगा |
| २ | श्री मनि राम बाहिङ | रु ५,००० | केतुके ६, ओखलढुंगा |
| ३ | श्री धिरेन सुस्तोचा बाहिङ | रु ५,००० | मोली ७ जेरे ओखलढुंगा |
| ४ | श्री बल राज बाहिङ | रु ६,००० | रातमाटे ६, ओखलढुंगा |
| ५ | श्री बल बहादुर बाहिङ | रु ५,००० | बर्णालु, ओखलढुंगा |
| ६ | श्री मानस राम बाहिङ | रु १०,००६ | केतुके ६, ओखलढुंगा(कुवेत) |
| ७ | श्री प्रवल राई बाहिङ (स्व तस्विर राईको नाममा) | रु ५००० | गैरी गाउँ ओखलढुंगा,हाल मोरङ्ग-७ लेटाङ्ग(दुवई) |
| | जम्मा | रु ४६००६ | |

मिति २०७२ जेष्ठ २३ गतेको बैठकले निर्णयले संस्थाको आर्थिक मजबुतिकोष स्वरुप केन्द्रीय कार्यसमिति र संस्थाको अभियानमा साथ दिई जम्मा गर्ने दाताहरु यस प्रकार रहेको छ । संस्था यो अभियानमा सवैले साथ दिन अनुरोध गर्दछौं ।

| क्र.स | निङ(नाम) | कबुल रकम | ठेगाना /संस्था |
|---|---|---|---|
| १ | श्री भुपराज बाहिङ | रु २५००० | मोली ३, ओखलढुंगा |
| २ | श्री इमान सिं राई (बाहिङ) | रु २५००० | उबुँ,सानोजुरे ६, ओखलढुंगा |
| ३ | श्री मनि राम बाहिङ | रु १५,००० | केतुके ६, ओखलढुंगा |
| ४ | श्री धिरेन सुस्तोचा बाहिङ | रु १५,००० | मोली ७ जेरे ओखलढुंगा |
| ५ | श्री महेश बाहिङ | रु १०,००० | देउसुम्बु, ओखलढुंगा |
| ६ | श्री बल बहादुर बाहिङ | रु १५,००० | बर्णालु, ओखलढुंगा |
| ७ | श्री जोन बाहिङ | रु १०,००० | बर्णालु, ओखलढुंगा |
| ८ | श्री चुम बहादुर बाहिङ | रु १५,००० | रातमाटे ६, ओखलढुंगा |
| ९ | श्री नन्द कुमारी बाहिङ | रु १०,००० | बरुणेश्वर ६, ओखलढुंगा |
| १० | श्री विश्वराज बाहिङ | रु ५००० | अधेरी, ओखलढुंगा |
| ११ | श्री खड्ग कुमारी बाहिङ | रु १०,००० | केतुके ६ ओखलढुंगा |
| १२ | श्री मुगामाया बाहिङ | रु २०,००० | नेचा, सोलुखुम्बु |
| १३ | श्री देव कुमार बाहिङ | रु ५००० | सल्यान, सोलुखुम्बु |
| १४ | श्री समुन्द्र बाहिङ | रु ५००० | दिदिङ्ग ४, संखुवासभा |
| १५ | श्री सार्किधन बाहिङ | रु ५००० | देउसुम्बु ओखलढुंगा |
| १६ | श्री टम बहादुर बाहिङ | रु ५००० | रातमाटे ओखलढुंगा |
| १७ | संरक्षक श्री कालुधन बाहिङ | रु ५००० | केतुके ६ पंखु, ओखलढुंगा (हाल कोरिया) |

संर्म्पूण बाहिङहरुमा संस्थालाई आर्थिक सम्पन्न बनाउन सहयोगका लागि हार्दिक अनुरोध गर्दछ ।
खाता नं ५२०९७ गोरखा सेभिङ्ग एण्ड क्रेडिट कोअपरेटिभ, ललितपूर सातदोबाटोमा जम्मा गरि संस्थालाई जानकारी गर्न सक्नु हुनेछ ।
आनिमोखोला(धन्यवाद)

कोषाध्यक्षको अनुमतिले
सदस्य खड्ग कुमारी बाहिङ
मिति : २०७२ असार १९ गते शनिबार
स्थान : एस.आर. क्याटरिङ्ग चावहिल

# बाहिङ किरात मुलुखिम

केन्द्रीय कार्यसमिति, चावहिल चुच्चेपाटि,काठमाण्डौं
११ औ साधारण सभा, २०७२ असार १९ सनिवार

सभाका अध्यक्ष महोदय तथा सदस्यज्यूहरु

बाहिङ किरात मुलुखिमको कोषाध्यक्षको अनुमतिले म यस संस्थाको २०७१/०७२ को आर्थिक प्रतिवेदन आय-व्ययहरु निम्न अनुसार रहेको जानकारी गर्दछु । संस्थाको आर्थिक वर्ष २०७१/०७२ को कुल आय रु ३,६९,६७३(तिनलाख उनान्सत्तरी हजार छसय तिरहत्तर रुपैया) रहेको छ । भने कुल व्यय तर्फ रु रु ३,६९,६७९ (तिनलाख उनान्सत्तरी हजार छसय उनान्असी रुपैया) यसको विस्तृत विवरण निम्न बमोजिम रहेको जानकारी गराउन चाहान्छु ।

आर्थिक बर्ष २०७१/०७२ आय तर्फ

| क्र.स | विवरण | आया तर्फ | कैफियत |
|---|---|---|---|
| १ | देउसी भैलो कार्यक्रम २०७१ | रु ९५,०६३ | |
| २ | सदस्यता शुल्क | रु ३५,००० | |
| ३ | सहयोग गोपाल बाहिङ(सेनानी) | रु २५,००० | |
| ४ | मिम्खा शुभकामना तर्फ | रु ८५००० | |
| ५ | आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठानबाट | रु ६०,००० | |
| ६ | कालुधन बाहिङ(कोरिया)मिम्खा विक्रीबापत | रु ५००० | |
| ७ | मनिराम बाहिङ | रु ६००० | |
| ८ | धिरेन सुस्तोचा बाहिङ | रु २४१९५ | |
| ९ | विभिन्न श्रोत | रु ३०,००० | |
| १० | किताब(इक्के कथा, बर्णमाला, मिम्खा) बिक्रीबाट | रु ४४१५ | |
| | कुल जम्मा | रु ३,६९,६७३ | |

आर्थिक बर्ष २०७१/०७२ व्यय तर्फ

| क्र.स | खर्च विवरण | व्याय तर्फ | कैफियत |
|---|---|---|---|
| १ | देउसी भैलो कार्यक्रम आयोजना खर्च २०७१ | रु ३३,९०० | |
| २ | बाहिङ भाषा प्रशिक्षक खर्च | रु ३०,००० | |
| ३ | संस्था नविकरण | रु ४१९५ | |
| ४ | पारिश्रामीक कर | रु २४०० | मातृभाषा कार्यक्रम |
| ५ | वियोण्ड दि बेइजिङ्ग सदस्यता | रु ३०० | |
| ६ | पहिचान नाटक तैयारी खर्च | रु १८६३ | चौथो राष्ट्रिय संम्मेलन |
| ७ | फ्रेम | रु ८३०० | चौथो राष्ट्रिय संम्मेलन |
| ८ | फोन | रु १४०० | चौथो राष्ट्रिय संम्मेलन |
| ९ | कप संस्थाको लागि सहितको | रु ११,९०० | चौथो राष्ट्रिय संम्मेलन |
| १० | सम्मान पत्र तर्फ डिजाइन र प्रिन्ट | रु ११,५०० | चौथो राष्ट्रिय संम्मेलन |
| ११ | स्टेशनरी | रु ८२५२ | चौथो राष्ट्रिय संम्मेलन |
| १२ | सहभागिलाई चिया, खाजा | रु २१७०० | चौथो राष्ट्रिय संम्मेलन |
| १३ | साउण्ड सिस्टम | रु ७०२५ | चौथो राष्ट्रिय संम्मेलन |
| १४ | यतायत तर्फ | रु ३२,०० | चौथो राष्ट्रिय संम्मेलन |
| १५ | राईलिंक अफ सेट प्रेस | रु ८१,००० | चौथो राष्ट्रिय संम्मेलन |
| १६ | संखुवासभा भाषा प्रशिक्षण यातायात र व्यवस्थापन | रु १६,१२५ | मातृभाषा कार्यक्रम |
| १७ | www.bahingkm.org.np नविकरण | रु ४,१९३ | |
| १८ | कार्यसमितिबाट रकम उठाई कुर्सी किन्दा | रु ९१२५ | |
| १९ | राईलिंक प्रकाशन बाँकी दायीत्व | रु ८६९५० | |
| २० | आदिवासी जनजाति उत्थान प्रतिष्ठान भूकम्प सहयोग | रु ६०० | |
| | कुल जम्मा | रु ३,६९,६७९ | |